

mandala theatre-nepal
मण्डला थिएटर नेपालको प्रस्तुति लोककथामा आधारित नाटक
कुभिन्डोको
कथा
नाटककारः प्रनिश मगर
निर्देशकः दयाहाङ राई
सह निर्देशकः विकास जोशी
कोरियोग्राफरः प्रमिला खनाल
२०७९ मंसिर १७ गतेदेखि पुष १७ गतेसम्म
सोमबारबाहेक हरेक दिन साँझ ४:३० बजेदेखि, शनिवार दिउँसो १ बजे पनि
मण्डला नाटकघर, थापागाउँ, फोन नं. ०१ ५२४५१४७
टिकट दरः शुक्रबार, शनिबार र आइतबार रु. ५०० मंगलबार, बुधबार र बिहीबार रु. ३००

## नाटकको बारेमा

पश्चिमी नेपालको खाम मगर समुदायमा आधारित "कुभिन्डोको कथा" लोककथामा आधारित नाटक हो । यस नाटकले हामीलाई प्रकृतिको परमसत्य नजिक लैजान्छ । प्रकृतिले हामीलाई हाम्रो शक्ति र कमजोरीको आधारमा एकअर्काबाट भिन्न बनाएको भन्दै यसले हामीले एकअर्काको अस्तित्वलाई स्वीकार गर्नुपर्ने आवश्यकतालाई जोड दिन्छ । त्यस्तै हाम्रो परिवार र समाजमा विभिन्न क्षमता र भूमिकाहरूको साथ हाम्रो फरक उपस्थितिलाई यसले सम्बोधन गर्ने प्रयास गरेको छ । सानो होस् वा ठूलो सबैको भूमिका उतिकै महत्त्वपूर्ण छ भन्ने सुनिश्चित गर्न प्रकृतिले आफ्नो योजना अनुरुप नै एकको कमजोरीलाई अर्काको बलद्वारा सन्तुलन कायम गरेको हुन्छ । र यो भिन्नताले नै संसारलाई सहज तरिकाले चल्न मद्दत गरिरहेको हुन्छ । नाटकले विविधता र सहअस्तित्व भनेको हाम्रो समाजलाई मजबुत र जीवन्त बनाउने कुरा हुन् र समाजमा सबैको आवश्यकता र अस्तित्वको हेरचाह र सम्मान हुनुपर्छ भन्ने कुराको पैरवी गर्दछ । यो नाटक सन् २०२२ मा मण्डला थिएटर-नेपालद्वारा आयोजित पाँच महिने नाटक लेखन परियोजना अन्तर्गत लेखिएका सात नाटकहरू मध्येको एक हो ।

## नाटककारको बारेमा

सुदूरपश्चिम प्रदेश, कैलाली जिल्लाको धनगढीमा जन्मिएका प्रनिश मगर केही वर्षयता नेपाली नाट्य क्षेत्रमा सक्रिय छन् । उनी हाल काठमाडौंको पशुपति क्याम्पसमा नेपाली साहित्य र पत्रकारितामा स्नातकोत्तर गर्दैछन् । लेखनका अलावा, संगीत, अभिनय, यात्रा गर्न र फोटोग्राफीमा उनको विशेष रुचि रहेको छ । उनी नाटक लेखनका साथै अभिनय, गायन, संगीत र वाद्यवादनको क्षेत्रमा सक्रिय छन् ।

## कथासार

यस नाटकको मुख्य पात्र खिमा लोककथामा आधारित पात्र हुन् जो आफ्नो शारीरिक बनोटको कारण सधैं सबैबाट अस्वीकृत हुँदै आएकी हुन्छिन् । उनलाई अरूसँग तुलना गरिन्छ र उनको फरक क्षमताको कारणले बारम्बार उपहास र प्रश्नहरू गरिन्छ । फलस्वरूप उनमा हीनताको भावना विकास हुन्छ जसले उनलाई आफ्ना साथीहरू र समाजमा खुल्न दिँदैन । यस नाटकले हामीलाई खिमाले कसरी आफ्नो डर र हीनतालाई जित्छिन् र आफ्नो गाउँमा आईपरेको सबैभन्दा ठूलो खडेरीको संकटबाट गाउँलेलाई कसरी बचाउँछिन् भन्ने कुरा देखाएको छ । छोटकरीमा भन्नुपर्दा यो लोककथामा आधारित नाटक प्रकृतिको भव्यता, मानवीय सम्बन्ध र भावनाको उत्कृष्ट मिश्रण हो । यसले प्रकृतिको अस्तित्वमा रहेका सबै चिजको आ-आफ्नै सार र महत्व हुन्छ भन्ने सन्देश दिन्छ ।

## निर्देशकीय

यो नाटक निर्देशन गर्नु मेरा लागि चुनौतीपूर्ण काम थियो । यसअघि निर्देशन गरेका नाटकहरू नेपालको पूर्वी भेगको संस्कृति र परम्परासँग जोडिएका थिए । त्यसैले नाटकमा प्रयोग गरिएका नाटकीय तत्वहरूको बारेमा मैले राम्रोसँग बुझेको थिएँ । तर कुभिन्डोको कथा पश्चिम नेपालको खाम मगर संस्कृतिमा आधारित भएकाले यो मेरो आफ्नो संस्कृति र अनुभवभन्दा फरक थियो । त्यस भेगको साँस्कृतिक मुल्य मान्यता मेरा लागि नयाँ भएकोले, यस संस्कृतिको मौलिकता जोगाउन मैले खोज अनुसन्धान गर्नुपर्‍यो जुन नाटक निर्माणको क्रममा मेरो लागि रोमाञ्चक कलात्मक यात्रा थियो । यस नाटकमा खाम मगर संस्कृतिसँग जोडिएका लोक नाच र संगीतको प्रयोग गरिएको छ । खाम मगर संस्कृतिलाई न्याय गर्न मैले सही र अर्थपूर्ण नाटकीय तत्वहरू प्रयोग गर्ने सक्दो प्रयास गरेको छु । मलाई आशा छ, यो नाटकले प्रकृतिमा रहेको विविधताको महत्वलाई राम्रोसँग व्यक्त गरेको छ । अन्त्यमा, नाटक निर्माणको प्रक्रियाभरि मलाई विश्वास गर्नुभएकोमा म यस प्रोडक्सनका सम्पूर्ण कलाकार प्राविधिक र मण्डलाका सदस्यहरुप्रति आभार व्यक्त गर्न चाहन्छु ।

### मञ्चमा:

पवित्र राई, संगीता थापा मगर, पार्वती थापा मगर, पुष्कर कार्की, किरण श्रेष्ठ, केशव सिंह ठगुन्ना, रञ्जना ओली, रेनु योगी, निता राई, सम्झना तामाङ, सागर भट्टराई, अरुण पुन मगर, सरजम मगर र भुवन लुहार

### प्रत्यक्ष संगीत:

अनुराग थापा मगर, प्रशन्न हुमागाई र अकाश नेपाली

### नेपथ्यमा:

नाटक लेखन र संगीत निर्देशन: प्रनिश मगर
परिकल्पना तथा निर्देशन: दयाहाङ राई
कार्यकारी निर्माता: सोमनाथ खनाल
सह निर्देशन: विकाश जोशी
कास्टिङ: बिजय बराल
मञ्च व्यवस्थापन: उमेश तामाङ
कोरियोग्राफी: प्रमिला खनाल
निर्माण व्यवस्थापन: बलु राई
मञ्च परिकल्पना: राजन खतिवडा
प्रकाश परिकल्पना: बुद्धि तामाङ र उमेश तामाङ
भेषभुषा: विवेक कटुवाल
मञ्च सामग्री: सजन थापा मगर र मणि कुलुङ राई
पोस्टर कला: सजन थापा मगर
नृत्य प्रशिक्षण: यम गुरुङ र माया घर्ती मगर
मञ्च निर्माण: हुम बिसी र सागर बिसी
पहुँच सल्लाहकार : सागर प्रसाई

**About the play**

Set in Western Nepal's Kham Magar community, Kubhindoko Katha (Story of Ash Gourd), a folklore-based play, takes us closer to the ultimate truth of mother nature. It celebrates the fact that nature has made us different from one another with our strengths and weaknesses and emphasizes the need to accept each other's existence. It acknowledges the difference in our appearances with different abilities and roles in family and society. It regards such diversities as nature's plan to complement one's weakness with another's strength to ensure everyone's role is vital, be it small or big for the smooth functioning of this world. It also advocates that diversity and coexistence is something that makes our society resilient and vibrant where the needs and existence of all are cared and respected. It is one of the seven plays developed through the five monthly long playwriting projects organized by Mandala Theatre-Nepal in 2022.

**About the Playwright**

Born in Dhangadhi of Kailali of Sudurpaschim Province, Pranish Magar has been active in Nepali theatre for the last few years. He is currently doing his graduation in Nepali literature and journalism at Pashupati Campus, Kathmandu. Besides writing, he has a special interest in music, acting, travel, and photography. He has been actively writing, acting, singing, and playing musical instruments for a number of plays.

**Play Synopsis**

Khima, the main character of this play, is a folk tale-based character who is rejected in many ways by everyone because of her physical appearance. She is compared with others and mocked and questioned frequently due to her abilities. Consequently, a sense of inferiority develops in her that does not allow her to open up among her friends and society. This play takes us through how the central character overcomes her fear and inferiority and saves the people from the greatest crisis of drought in her village. In nutshell, this folk drama is a perfect blend of nature's grandeur with human relations and emotions and gives a strong message that all the things that coexist in nature have their own essence.

**Director's Note**

Directing this play was a challenging task for me. The plays that I have directed before were related to my own culture and traditions mainly from the eastern part of Nepal. That's why, I had a good understanding of the dramatic elements used in the play. But, as Kubhindoko Katha is based on Kham Magar culture of western Nepal, different from my own culture and experiences. Being new to this culture, I had to do my research to preserve the authenticity of the culture, which was quite a stimulating and exciting artistic journey for me. I have tried my best to use the right and meaningful dramatic elements to make the play worthy to watch by using dance and musical forms from the same culture and folklore practices. I hope this play hopefully conveys the importance of diversity in nature. I am very thankful to the entire cast and crew of this production who believed in me to work on this.

**On Stage**

Pabitra Rai, Sangita Thapa Magar, Parbati Thapa Magar, Puskar Karki, Kiran Shrestha, Keshav Singh Thagunna, Ranjana Oli, Renu Yogi, Nita Rai, Samjhana Tamang, Sagar Bhattarai, Arun Pun Magar, Sarjam Magar and Bhuwan Luhar

**Live Musicians:**

Anurag Thapa Magar, Prashanna Humagain and Akash Nepali

Off Stage

Playwright: Pranish Magar
Director: Dayahang Rai
Executive Producer: Som Nath Khanal
Associate Director: Bikash Joshi
Casting Director: Bijay Baral
Stage Manager: Umesh Tamang
Music Director: Pranish Magar
Choreographer: Pramila Khanal
Production Manager: Balu Rai
Set Designer: Rajan Khatiwada
Lights: Buddhi Tamang and Umesh Tamang
Costumes: Bibek Katwal
Props and Masks: Sajan Thapa and Mani Kulung Rai
Poster Art: Sajan Thapa
Dance Instructor: Yam Gurung and Maya Gharti Magar
Set Constructors: Hum BC and Sagar BC
Accessibility Adviser- Sagar Prasain